# कार्यपालिकाको निर्णय प्रमाणित पुस्तिका

## वैठक संख्या - ०४।२०७५-०७६


फेदाप गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पोक्लावाङ, तेह्रथुम

१ नं. प्रदेश, नेपाल

Contact No:- 9852080500 (Chairperson), 9852080600 (Chief Administrative Officer), 9852080700 (Vice Chairperson)

E-mail:-fedap.ruralmun@gmail.com

Facebook:- http://www.facebook.com/fedap.rural.municipality

Website:- http://www.phedapmun.gov.np

फेदाप गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

अध्यक्षः- ९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अः- ९८५२०८०६००

यस गाउँ कार्यपालिकाका अध्यक्ष श्री हरी प्रसाद चोङवाङ (लिम्वु) ज्यूको अध्यक्षतामा, कार्यपालिकाका ११ जना सदस्यको उपस्थितिमा कार्यपालिकाको वैठक (वैठक संख्या – ०४।२०७५-०७६) मिति २०७५।०६।०८ गते सोमबार गाउँ कार्यपालिकाको कार्यालयमा सम्पन्न भई निम्नानुसारको निर्णय भएको व्यहोरा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा १ (ज) को अधिनमा रही प्रमाणित गरेको छु ।

**निम्नः**

१. **करारमा कर्मचारी व्यवस्थापन कार्यविधि पारित संवन्धमा**

गाउँपालिकाको विकास निर्माण लगायत सेवा प्रवाहलाई चुस्त दुरुस्त वनाउनको लागि विधेयक समितिले पेश गरेको "करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने संवन्धि कार्यविधि, २०७५" पारित गरियो ।

२. **विद्यालयहरुमा सहायक कम्प्युटर अपरेटर नियुक्ति सम्वन्धमा**

यस गाउँपालिका अन्तर्गतका निम्नलिखित विद्यालयहरुमा सूचना प्रविधिको पहुँच अभिवृद्दि गर्न शिक्षा शाखाले पेश गरेको कार्यक्रम व्यस्थापन कार्ययोजनालाई पारित गर्दै उक्त कार्यक्रम व्यवस्थापन कार्ययोजनामा उल्लेखित प्रावधानहरुको आधारमा परीक्षा संचालन गरी नियुक्ति गर्ने प्रयोजनार्थ निम्नानुसारको परीक्षा समिति गठन गर्ने ।

**विद्यालयहरुको नामः**

१. जनज्योती मा.वि. सिम्ले
२. महाकाली मा.वि. सिम्ले
३. बालमकर मा.वि. सिम्ले
४. सिहवाहिनी आ.वि. सिम्ले
५. सिद्दकाली मा.वि. ओयाक्जुङ
६. महाकाली आ.वि. ओयाक्जुङ
७. अमरसिं आ.वि. ओयाक्जुङ
८. शंकर मा.वि. जलजले
९. ग्राम सुधार मा.वि. जलजले
१०. भञ्ज्याङ आ.वि. जलजले
११. जलकन्या आ.वि. जलजले
१२. सम्दु मा.वि. सम्दु
१३. सिंहदेवी आ.वि. सम्दु
१४. इसिवु मा.वि इसिवु
१५. सिंहदेवी आ.वि. इसिवु

०७५।८।१८

प्रमुख प्रशासकीय अधिकृत

फेदाप गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

अध्यक्षः- ९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अः- ९८५२०८०६००

परीक्षा समिति देहाय बमोजिम हुनेछ

- संयोजक – प्रमुख प्रशासकीय अधिकृत
- सदस्य – शिक्षा शाखा प्रमुख
- सदस्य – सचिव – ना.सु. लिलाराज खड्का

३. **सनिजी शिक्षक नियुक्ति संवन्धमा**

यस गाउँपालिका अन्तर्गतका निम्नानुसारका विद्यालयहरुमा मानव संशाधनको अभाव भइ शैक्षिक गुणस्तर सुधारमा असर परेकोले गाउँसभाले पारित गरेको वजेटको सीमा र शिक्षा शाखाले पेश गरेको कार्यक्रम व्यवस्थापन कार्ययोजनालाइ पारित गर्दै उक्त व्यवस्थापन कार्ययोजनामा उल्लेखित प्रावधानहरुको अधिनमा रहेर परीक्षा संचालन गरी नियुक्ति गर्ने प्रयोजनार्थ निम्नुसारको समिति गठन गर्ने।

विद्यालयहरुः

१. श्री सिंहवाहिनी आ.वि., सिम्ले
२. श्री सिंहदेवी आ.वि. , इसिवु

परीक्षा समिति देहाय वमोजिमको हुनेछ।

- संयोजक – प्रमुख प्रशासकीय अधिकृत
- सदस्य – शिक्षा शाखा प्रमुख
- सदस्य – सचिव – ना.सु. लिलाराज खड्का

४. **विद्यालयहरुको अडिटको सूचना प्रकाशन सम्वन्धमा**

यस गाउँपालिको कार्यालयवाट आ.व. २०७४।०७५ मा गाउँपालिका अन्तर्गतका विद्यालयहरुलाइ प्रदा गरिएको वित्तीय कारोवारको लेखा परीक्षण गर्ने प्रयोजनार्थ आवश्यक कागजात माग गरी सूचिकृत हु सूचना प्रकाशन गर्ने र सूचिकृत मध्येवाट छनोट गरी मागको आधारमा लेखापरीक्षण गराउने।

५. **कार्यपालिकाको सचिवले पाउने सुविधा संवन्धमा**

गाउँ कार्यपालिकाको वैठकको क्रममा कार्यालय समय भन्दा बाहिर वसेको वैठकमा वडाध्यक्षले पाउ वैठक भत्ता सरह कार्यपालिकाको सचिवलाइ समेत वैठक भत्ता प्रदान गर्ने निर्णय गरियो।

६. **उपभोक्ता समितिको श्रमदानको संवन्धमा**

यस गाउँपालिकावाट आ.व. २०७५।०७६ मा संचालन हुने योजनाहरु मध्ये "पोक्लावाङ वजारको सड सोलिङ सहित ढलान योजना" वाहेक अन्य सम्पुर्ण योजनाहरुमा कम्तिमा १०% सम्म जनश्रमद अनिवार्य गर्ने। तर "पोक्लावाङ वजारको सडक सोलिङ सहित ढलान" योजनामा संवन्धित उपभो समितिले ३०% नगद श्रमदान गर्नु पर्ने र उक्त रकम अग्रिम रुपमा गाउँपालिकाको धरौटी खातामा जम गर्नु पर्ने।